नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

SitRep #२

# कोरोना भाइरस (2019-nCoV) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

बुधबार। १५ माघ २०७६ (२९ जनवरी २०२०)

2019-nCoV पहिलो केस चीनको हुवेई प्रान्तबाट रिपोर्ट गरिएको थियो जुन अहिले चीन बाहिर १४ वटा देशहरूमा देखिएको रिपोर्ट गरिएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार नयाँ 2019-nCoV को सङ्क्रमण, मानव-देखि मानव प्रसारणको गहनता र रोगको गम्भीरताको बारेमा थोरै मात्र जानकारी उपलब्ध छ। यद्यपि 2019-nCoV केसको मृत्यु दर (Case Fatality Rate) SARS र MERS को तुलनामा धेरै कम छ। 2019-nCoV को बारेमा विस्तृत जानकारी आउन बाँकी नै छ र हाल अन्य रोग संग तुलना गर्न चाँडो हुन्छ ।

## 2019-nCoV सम्बन्धी विश्वव्यापी स्थिति:

विश्वभर **पुष्टी भएका केसहरू: ४५९३**

चीनमा **पुष्टी भएका केसहरू: ४५३७**

**चीनमा मृत्यु हुनेको संख्या: १०६**

अन्य प्रभावित देशहरु: १४

पुष्टी भएका केसहरू : ५६

**WHO जोखिम निर्धारण**

चीन: धेरै उच्च

क्षेत्रीय स्तर: उच्च

विश्वभर: उच्च

(* १४ माघ २०७६ सम्ममा)




विश्व स्वास्थ्य संगठनले Public Health Emergency of International Concern (PHEIC) घोषणा नगरेता पनि intermediate level of alertness मा रहन सदस्य राष्ट्रलाई सुझाब दिएको छ । अन्तरराष्ट्रिय यात्रा र व्यापारमा कुनैपनि प्रतिबन्ध सिफारिस गरीएको छैन ।

## 2019-nCoV का सम्बन्धमा नेपालको वर्तमान स्थिति:

२३ जनवरी २०२० मा एक जना संकास्पद बिरामीको throat swab को जाँच गर्दा नतिजा positive आएको र तत्पश्चात थप ३ वटा संकास्पद केसहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परिक्षण गरीएको र सबै नतिजाहरु नकारात्मक आएका छन् । आज कुनै नयाँ संकास्पद केस आएको छैन ।

| Positive: | Negative: | Pending: | Total: |
|---|---|---|---|
| 1 | 3 | 0 | 4 |

*मिति: २०७६ माघ १५ गते

## मुख्य प्रतिकार्यहरू:

- ५ वटा हब अस्पतालहरु र १३ वटा सेटेलाइट अस्पतालहरुले 2019-nCoV का केसहरुलाई छुट्टै राख्ने व्यवस्था मिलाएका छन्
- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा २४ सै घण्टा संचालित हेल्थ डेस्कमा आगन्तुक यात्रुहरुको thermal scannar मार्फत screening गर्दा आज कुनैपनि संकास्पद केस नभएको ।
- राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट 2019-nCoV को RT PCR विधिबाट परिक्षण शुरु गरिएको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा संकास्पद केसहरुलाई सुरक्षित रुपमा अस्पताल पुर्याउन बिशेष एम्बुलेन्सको व्यवस्था छ ।
- पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा १५, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा ५, त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा ५ सेट Personal Protective Equipment (PPE) को व्यवस्था गरिएको छ भने थप सेटको स्टक राखिएको छ ।
- 2019-nCoV को सम्बन्धमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रहरु संग निरन्तर रुपमा समन्वय र सहकार्य गर्ने सम्यन्त्रको विकास गरिएको छ ।
- स्वास्थ्य सचिबज्यूको अध्यक्षतामा दैनिक रुपमा उच्च पदाधिकारीहरु सहितको बैठकले प्रतिकार्यको अनुगमन गर्ने गरेको छ ।
- टेकु अस्पतालमा आज 2019-nCoV संक्रमणको आशंकामा परिक्षण गराउन आएका ८ जना बिरामीहरुको प्रारम्भिक जांच गर्दा सामान्य देखि ७ जना घर पठाइएको ।

## 2019-nCoV सम्बन्धी श्रोत एवं सामाग्रीहरू:

2019-nCOV सम्बन्धी थप श्रोतहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालय/ HEOC वा EDCD को वेब पोर्टल/ सामाजिक संजालमा उपलब्ध छ । स्वास्थ्य र जनसंख्या मन्त्रालय सबै क्षेत्रका अधिकारीहरू र साझेदारहरूबाट प्राप्त समर्थन एवं लाई धन्यवाद ज्ञापन गर्दछ ।

**2019-nCoV IEC** | **Press Release MoHP** | **Technical Guidance**

**HUB Hospitals** | **Presentation** | **Contacts**


**स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्र**

**फोन:** ०१-४२५०८४५, **फ्याक्स:** ०१-४२५०८४२,

**ईमेल:** heocmohp@gmail.com,**वेब:** heoc.mohp.gov.np, **fb:**fb.com/HEOC

**इपिडिमीयोलोजी तथा रोग नियन्त्रण महाशाखा**

**फोन:** ०१-४२५५७९६, **फ्याक्स:** ०१-४१००२६६,

**ईमेल:** ewarsedcd@gmail.com,**वेब:** edcd.gov.np, **fb:** fb.com/edcdnepal